दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुल्लू दैलेख

कर्णाली प्रदेश नेपाल

**विषयः भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने सम्बन्धि सूचना।**

**(प्रथम पटक प्रकाशन मितिः २०८२/०६/२८)**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको पत्रानुसार, भू-उपयोग ऐन २०७६ को दफा ४ र भू-उपयोग नियमावली २०७९ को दफा ५(१) बमोजिम स्थानीय आवश्यकता भू-उपयोग नियमावली २०७९ को नियम ४ बमोजिम प्राप्त भू-उपयोग क्षेत्र नक्सा र भू उपयोग नियमावली २०७९ को नियम ८ मा उल्लेखित भू-उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड र क्षेत्र समेत कुरालाई विचार गरी दुल्लू नगरपालिकाको सिमाना भित्र पर्ने जग्गालाई भू- उपयोग नियमावली २०७९ अनुसार वर्गीकरण गरिएको तथा उक्त विवरण हरेक वडा कार्यालयमा उपलब्ध गराइएकोले आफ्नो स्वामित्वमा रहेका जग्गाको वर्गीकरण चित्त नबुझेमा सुचना प्रकाशित मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजात सहित निवेदन पेश गर्नु हुन सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराइन्छ। साथै वर्गीकरण सम्वन्धि अन्तिम खाका तयारी भएको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

..........................

(तिलक वि.क.)

प्रमुख प्रशासकीय अधिकृत

तपशिलः

१. लालपुर्जाको प्रतिलिपि

२. नेपाली नागरिकताको प्रतिलिपि

३. सम्बन्धित कित्ता रहेको (**updated computer print** वा ब्लु प्रिन्ट) नक्सा

नोटः निवेदनमा कित्ता नम्बर सहित हालको वर्गीकृत क्षेत्र वर्गीकरण गर्न खोजेको क्षेत्र स्पष्ट रुपमा निवेदनमा खुलाएको हुन पर्नेछ।

**बोधार्थः**

श्री वडा कार्यालय सवै (दुल्लू नगरपालिका १ देखि १३) :

उपरोक्तानुसारको सूचना सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा टाँस गरी आवश्यक समन्वय एंव सहजिकरण गर्नहुन।